# गोलवजार न.पा. वडा नं. २ मा पर्नेतेतरिया, सिरहाका महिलाहरुको शैक्षिक तथा आर्थिक अवस्था एक समाजशास्त्रीय अध्ययन

त्रिभुवन विश्वविद्यालयमानविकी तथा सामाजिक शास्त्र संकाय

दोश्रो बर्षको समाजशास्त्र विषयको आवश्यकता

परिपूर्तिको लागि प्रस्तुत

शोधपत्र


प्रस्तुतकर्ता

संजय यादव

रोल नं. ४३५००२७। २०७१

रजिष्ट्रेशन नं ६-२-४३५-२५०-२००९

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र संकाय

जनता वहुमुखी क्याम्पस

असनपुर, गोलबजार, सिरहा


२०७५

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालयबाट मानविकी तथा सामाजिक शास्त्र विषयमा स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता पूर्तिको लागि मेरो निर्देशन र सुपरिवेक्षणमा संजय यादवले **गोलवजार न.पा.-२, तेतरिया, सिरहाकामहिलाहरुको शैक्षिक तथा आर्थिक अवस्था** शिर्षकमा यो शोधपत्र तयार पार्नु भएको हो । म वहाँको कार्यप्रति सन्तुष्ट छु र प्रस्तुत शोधपत्रलाईआवश्यक मुल्याङ्गनको लागिशोधपत्र मुल्याङ्गन समिति समक्ष सिफारिस गर्दछु ।

........................................

ईश्वर स्याङ्वा

शोघ निर्देशक

जन्ता बहुमुखी क्याम्पस

असनपुर,गोलबजार, सिरहा

# मुल्याङ्कन समितिको स्वीकृति

यस क्याम्पसको मानविकी तथा सामाजिकशास्त्र संकाय अर्न्तगत मुल विषय समाजशास्त्र लिई अध्ययनरत छात्र **संजय यादव** द्धारा लिखित**गोलवजार न.पा. वडा नं.२ मा पर्ने तेतरीया, सिरहाका महिलाहरुको शैक्षिक तथा आर्थिक अवस्था**"शीर्षकको शोधपत्रसामाजिक शास्त्र विषयको स्नातकोत्तर उपाधिको लागी उचित ठहरिएकोले यस क्याम्पसको शोधपत्र मुल्याङ्कन समिति द्धारा स्वीकृति प्रदान गरिएको छ ।

मुल्याङ्कन समिति पद हस्ताक्षर

१) किशोर कुमार साह क्याम्पस प्रमुख ..............................

२)ईश्वर स्याङ्वाशोघ निर्देशक..............................

३)डा.शुशिल कुमार यादववाह्य परीक्षक............................

मितिः २०७५।१२।१४

२०१९।०३।२८

# <u>प्रतिबद्धता पत्र</u>

प्रस्तुत विषयमा**गोलवजार न.पा. वडा नं. २ मा पर्ने तेतरिया, सिरहाकामहिलाहरुको शैक्षिक तथा आर्थिक अवस्था** शीर्षकको शोधपत्र मेरो मौलिक प्रस्तुति रहेको छ कही कसैसंग मेल खाने छैन ।

..........................

संजय यादव

# कृतज्ञता ज्ञापन

**“गोलवजार न.पा. वडा नं.२ मा पर्ने तेतरीया गाउँको महिलाहरुको शैक्षिक तथा आर्थिक अवस्थाः एक समाजशास्त्रीय अध्ययन”** शोधपत्र समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नको निमित तयार गरिएको हो । मानिस समाजिक प्राणी भएको कारणले गर्दा एकलै रहन सकदैन । मानवले गर्ने हरेक कार्यमा अन्य व्यक्तिहरुको सहयोगको आवश्यकता खट्किने हुन्छ । यो संसारमा कुनै पनि त्यस्तो कुरा छैन जो एउटै मानिसले पुरा गर्न सकोस । संसारमा जे जस्तो काम कुरा हुने गर्दछन् ती सबैमा अन्य मानिसको सहयोगको आवश्यकता पर्दछ ।तसर्थ मेरो यो शोधकार्य पनि त्यसबाट अक्षुण्ण रहन सकेन । यो शोधकार्य पुरा गर्नको लागि धेरै व्यक्तिको सहयोग लिएको छु । यस शोधपत्र तयार गर्दा मैले अरुप्रति पुऱ्याएका असजिलो परिस्थिति भए त्यसको क्षमायाचना गर्न चाहान्छु । देशको आधाभन्दा बढी भाग ओगटेको महिलाहरुको शैक्षिक तथा आर्थिक अवस्थाको बारेमा अध्ययन अनुसन्धान गर्ने मेरो उत्सुकतालाई हौसला तथा प्रोत्साहन दिई आवश्यक, सर-सल्लाह तथा सुझाव दिनुहुने गुरुजन तथा शुभचिन्तक मित्रहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यो शोधपत्र तयार पार्ने सिलसलिमा व्यस्तताको बाजुद पनि यस शोध अनुसन्धानको लागि आफ्नो अमूल्य, समय,सल्लाह र सुझाव दिई प्रेरणाका साथ सुपरिवेक्षण गरी बारम्बार सल्लाह, सुझाव, सहयोग गर्नुहुने किशोर कुमार साह र ईश्वर स्याङ्वा प्रति हार्दिक आभार प्रकट गर्दछु ।

यसैगरी शोधप्रस्ताव स्वीकृत गरी शोधकार्यमा अग्रसर हुने अवसर दिनुभएकोमा डा.शुशिल कुमार यादव प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै यस शोध पत्रमा सहभागीहुने उत्तरदाता, शिक्षक, शिक्षिका, बुद्धिजिवि लगाएत सम्पुर्ण गाउँबासीहरु प्रति पनि हार्दिक कृतज्ञापन गर्नु आफ्नो कर्तव्य ठानेकोछु ।

यसैगरी उच्च शिक्षा प्रप्तिको लागि सुअवसर प्रदान गरी सधैं अध्ययनको प्रेरण र प्रोत्साहन दिदै यहाँ सम्म ल्याइपुऱ्याउनुहुने ममतामयी आमा, बाबा र परिवारका अन्य सदस्यहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । आवश्यक शोधपत्र पुस्तक, पत्रपत्रिकाहरु उपलब्ध गराई अध्ययन र समाग्री सङकलनमा सुविधा मिलाईदिने  पुस्तकालयका सम्पुर्ण परिवार प्रति हार्दिक आभार प्रकट गर्दछु । अध्ययनको सिलसिलामा अध्ययनमा क्षेत्रमा गई सहयोग गर्नुहुने प्रमोद सर र साथी विनोद साह प्रति ऋणि रहेको छु ।

**संजय यादव**

## शोधसार

प्रस्तुत शोधपत्र को उदेशय**सिरहा जिल्ला गोलबजार न.पा. २ का महिलाहरुको शैक्षिक तथा आर्थिक स्थिति** अध्ययन गर्नु र उनीहरुको शैक्षिक स्थिति पुरुषको तुलनामा पछि पर्नुको के कति कारणहरु छन् ती कारणहरुलाई खोत्ल्नु यस शोध अध्ययनको प्रमुख उद्देश्य रहेको छ । सामाजिक जन जीवन र शिक्षाको विस्तार बीचको अन्तर सम्ब्न्ध र यी दूई बीचको अन्तरविरोधलाई केलाउने प्रयास गरिएको छ । जसअन्तर्गत निम्न लिखित कुराहरु खोज्ने प्रयास गरिएको छु ।

सिरहा जिल्ला गोलबजार नगरपालिकाको वडा नं. २ मा पर्ने तेतरीया गाउँको महिलाहरुकाशैक्षिक तथा आर्थिक अवस्था पहिचान गर्नु हो । त्यहाँ महिलाहरुको शैक्षिक अवस्थाका परिचय रमहिलाहरुलाई शिक्षा आर्जनमा प्रभाव पार्नेपक्षहरु जस्तै सामाजिक पक्ष,आर्थिक पक्ष,सँस्कृति पक्ष । आर्थिक स्तर वृद्धिमा सामाजिक तथा आर्थिक पक्षले पार्ने प्रभावको अध्ययन गर्नु । यो अध्ययन महिला वर्गको शैक्षिक तथा आर्थिक स्थिति र त्यसले पारेको असरहरुको अध्ययन हो । यसका लागि अन्वेषनात्मक र विश्लेषणात्मक ढाँचा प्रयोग गरिएकोछ । यस अध्ययनमा महिलाहरु समाजमा के कस्ता कारणले शिक्षामा पछि परेकाहुन, पुरुषको तुलनामा महिलाहरु पछि पर्नुका कारणहरु हाल सम्म परिर्वतनहरुको व्याख्या विश्लेषण गरिएको छ ।

यस अध्ययनमा प्राथमिक द्धितीय दुबै स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोत अर्न्तगत अध्ययन क्षेत्रमा गएर सूचना दातासँग अन्तबार्ता , स्थलगत अवलोकन, प्रमुख व्यक्तिहरु सँगको अर्न्तवार्ता , तालिका को मध्यमबाट संकलन गरिएको छ भने दोस्रो तहको तथ्याङ्कको रुपमा केन्द्रित तथ्याङ्क विभाग न.पा.को कार्यालयबाट प्राप्त रेकर्ड , विभिन्न विद्धानबाट लेखिएका प्रकाशित कृतिहरु र पत्रपत्रिका, लेख, रचना, प्रतिवेदनलाई लिइएकोछ गुणात्मक सुचनालाई प्राथमिकता दिदै संख्यात्मक विवरणलाई सहयोगी सुचनाको रुपमा संकलन गरिएको छ ।

कुनै पनि अध्ययनको आफ्नै सीमा हुन्छ । यस अध्ययनमा पनि निम्न सीमाहरु रहनेछन् । महिलाको शैक्षिक तथा आर्थिक अवस्थाको मात्र अध्ययन गरिएको छ । यसमा अन्य ( सामाजिक, धार्मिक)पक्षलाई समावेश गरिएको छैन् ।यस अध्ययनको परिणामाले सम्पूर्ण महिला शिक्षाको स्तर र अवस्था प्रतिनिधित्व गर्न सक्दछ भन्न सकिदैन् ।

वर्तमान बदलिदो यूगमा पनि यहाँको समाजमा पुरानै समाजिक, सांस्कृतिक मुल्य, मान्यताले स्थान पाईरहेकोले समाजको उन्नति र प्रगतिमा बाधा उत्पन्न गरीरहेको छ । यहाँका मानिसहरुको मुख्य पेशा कृषि भएपनि आधा भन्दा वढी परिवारलाई आफ्नो कृषि उत्पादनले खान पुगदैन । यहाँका महिलाहरुको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक लगायतका हरेक क्षेत्रमा कमजोर , उपेक्षित र दुखदायी अवस्था रहेको छ । शिक्षित महिलाहरुले आफु र आफ्नो परिवारलाई सूमार्गमा लाने परिकल्पना गरिए पनि उनीहरु स्वयम् नै चुला चौका, डोको, हसिया र कुटो कोदालोको परिधिबाट बहिर आउन सकेका छैनन् ।

यस गाउँका महिलाहरुको शैक्षिक तथा समाजिक आर्थिक अवस्थाको बारेमा अवलोकन गर्दा निष्कर्षमा पुगिएको छ । यस क्षेत्रका महिलाहरु विशेष गरी शिक्षाको सुनौलो अवसरबाट बञ्चित नै देखिन्छ । अहिलेको समयमा चाहिँ आफ्ना नानीहरुलाई विद्यालय पठाउनु पर्छ भन्ने केहि चेतना भएको पाईन्छ । प्रायः गरेर प्रौढ अवस्थाका महिलाहरु निरक्षर छन् जो कृषि पेशामा लागेको पाईन्छ । अशिक्षा र चेतनाको कारण त्यहाँको मानिसहरुले पुरानो मुल्य, मान्यतालाई निरन्तरता दिदै आईरहेको पाईन्छ जस्तौ जातीय छुवाछुत, मैथिली समुदायमा महिलाहरु घुम्टो लागउने, घर भन्दा बाहिर काममा नजाने अथवा जान नहुने जस्ता संस्कारहरु रहेकाछन् । शिक्षाको कमिले नै त्यहाँका महिलाहरु आयमुलक काममा नलागेर परम्परागत कृषिमा नै लागेका पाईन्छ ।

मैथिली जातिमा घरमा कुनै घरयासी काममा निर्णय गर्नुपर्दा पुरुषले नै निर्णय गरेको पाईयो भने अन्य जातिमा दुबै मिलि निर्णय गर्ने गरेको पाइयो । शिक्षित महिला पनि कृषि पेशामा नै वढी लागेको पाईयो । सम्पतिमा महिलाको स्वामित्व नगण्य नै छ । कतिपय घरपरिवारमा छोरा छोरी बिच भेदभाव गरेको पाईयो जस्तो छोरालाई बोडिङ्ग स्कुलमा पढाउने, घरयासी काम गर्न नदिने, बाहिर पढन पठाउने भने छोरीलाई सरकारी स्कुलमा पढन पठाउने , घरयासी काममा वढी लगाउने , बाहिर उच्च शिक्षा हासिल गर्न नपठाउने जस्ता भेदभाव गरेको पाईयो । अशिक्षा र चेतना कै कारणले छोरीहरुलाई सानै उमेरमा विवाह गरीदिने भएका कारण छोरीहरुले उच्च शिक्षा हसिल गर्नेको संख्या कम पाईयो । शिक्षित महिलाहरुले ने आफ्नो परिवारलाई सूर्मागमा लाग्न सहयोग गर्छ भन्ने कुरा त्यस गाउँका महिला वर्गले केही हदसम्म बुझेको र शिक्षालाई महत्व दिन थालेको पाईन्छ । जसको फलस्वरुप कृषिमा पनि आधुनिकीकरण हुँदै गएको पाईन्छ ।

## विषय सूची

पेज नं.


| | |
|---|---|
| **अध्याय एक** | १ |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ६ |
| १.३ अध्ययनको उद्देश्य | ६ |
| १.४ अध्ययनको महत्व | ७ |
| १.५ अध्ययनको सीमाङ्कन | ७ |
| **अध्याय दुई** | ८ |
| **सन्दर्भ ग्रन्थको पुनरावलोकन** | ८ |
| २.१ धारणात्मक कार्य ढाँचा | १८ |
| २.२ सैद्धान्तिक समीक्षा | २० |
| **अध्याय तीन** | २२ |
| ३.१ अध्ययन क्षेत्रको छनोट | २२ |
| ३.२ अनुसन्धानको ढाँचा | २२ |
| ३.३ तथ्याङ्कको स्रोत र प्रकृति | २२ |
| ३.४ तथ्याङ्क संकलन विधि | २३ |
| ३.५ अध्ययनका सिमा | २४ |
| ३.६ तथ्याङकको प्रस्तुतीकरण वा विश्लेषण | २४ |
| **अध्याय चार** | ३० |
| ४.१ अध्ययन क्षेत्रको परिचय | ३० |
| ४.२ भौगोलिक स्थिति तथा सिमाना | ३० |
| ४.३ हावापानी तथा तापक्रम | ३० |
| ४.४ धरातल | ३१ |
| **अध्याय पाँच** | ३३ |
| ५.१ समाजिक तथा सांख्यिकीय स्थिति | ३३ |
| ५.२ तेतरीया गाउँको परिवारको वनोट | ३५ |

५.३ आर्थिक अवस्था ३८

**अध्याय छ** ५२

६.१ साक्षरताको आधारमा जनसंख्याको वनोट ५२

६.२ उमेर र लिङ्गको शैक्षिक र आर्थिक अवस्था ५४

६.३ जातिगत आधारमा शिक्षा र अर्थ को अवस्था ५५

**अध्याय सात** ६०

७.१ साराशं ६०

७.२ निष्कर्ष ६३

सन्दर्भ सुची

अनुसुची

१. अन्तरवार्ता

## तालिका सुची


| तालिका नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | धारणात्मक कार्य ढाँचा | १८ |
| २. | साक्षरताको आधारमा जनसंख्याको बनोट | २५ |
| ३. | प्रमुख पेशाको आधारमा घरमुलिको विवरण | २७ |
| ४. | पेशाको आधारमा जनसंख्याको बनोट | २८ |
| ५. | जनसंख्या वितरण | ३१ |
| ६. | लिङ्गको आधारमा जनसंख्याको वनोट | ३१ |
| ७. | उमेरगत आधारमा जनसंख्याको वनोट | ३४ |
| ८. | परिवारको प्रकार | ३५ |
| ९. | जातिको आधारमा जनसंख्याको वनोट | ३७ |
| १०. | पेशाको आधारमा घरमुलिको विवरण | ३९ |
| ११. | सक्रीय जनसंख्याको वनोट | ४० |
| १२. | भुमिको वितरण | ४३ |
| १३ | जातिको आधारमा औषत भुमि वितरण | ४३ |
| १४. | वार्षिक आम्दानीको आधारमा घरसंख्याको वितरण | ४६ |
| १५. | जातिगत आधारमा मासिक आम्दानी | ४६ |